# रूपा गाउँपालिका

कास्की जिल्ला, गण्डकी प्रदेश

# रूपा गाउँपालिका राजपत्र

## गाउँ कार्यपालिकाद्वारा प्रकाशित

खण्डः ६ संख्याः ६ मितिः २०७८/०४/१४

### भाग — २

## रुपा गाउँपालिका कास्कीको व्यवसाय दर्ता तथा नवीकरण निर्देशिका, २०७८

**प्रस्तावना**

गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका तथा सञ्चालन गर्न चाहने व्यापार तथा व्यवसायहरुको दर्ता गर्ने, नवीकरण गर्ने, अभिलेखीकरण गर्ने, व्यवसाय मैत्री वातावरण तयार गर्ने र ती व्यवसायहरुलाई करको दायरामा ल्याउन नीतिगत व्यवस्था गरी सरल र पूर्वानुमानयोग्य बनाउन आवश्यक देखिएकाले रुपा गाउँ कार्यपालिकाको मिति २०७८/०४/०५ को निर्णयानुसार रुपा गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७८ को दफा ४ ले दिएको अधिकार बमोजिम यो व्यवसाय दर्ता तथा नवीकरण निर्देशिका, २०७८ बनाई लागु गरेको छ ।

**१. नाम र प्रारम्भः** (१) यो निर्देशिकाको नाम रुपा गाउँपालिका कास्कीको व्यवसाय दर्ता तथा नवीकरण निर्देशिका, २०७८ रहेको छ ।

(२) यो निर्देशिका स्थानीय राजपत्रमा प्रकाशित भएपछि लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो निर्देशिकामा,

(क) “कर” भन्नाले गाउँपालिकासँग सम्वन्धि प्रचलित ऐन, नियमावली र यो निर्देशिका बमोजिम रुपा गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको व्यवसायमा पूंजीगत लगानी, आर्थिक कारोवार, क्षेत्रगत एवं व्यापारिक महत्वको आधारमा लगाउन सक्ने व्यवसायकरलाई सम्झनुपर्छ र यो शब्दले व्यवसाय करको अतिरिक्त लाग्ने थप शुल्क, कर, दर्ता, नवीकरण, जरिवाना समेतलाई जनाउछ ।

(ख) “करदाता” भन्नाले दफा ५ बमोजिम कर तिर्नुपर्ने कर्तव्य भएका व्यक्ति, फर्म, समूह वा संघ/संस्थालाई सम्झनुपर्छ ।

(ग) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले रुपा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा प्रमुख प्रशासकीय अधिकृतको रुपमा कार्यरत कर्मचारीलाई सम्झनुपर्छ।

(घ) “कर अधिकृत” भन्नाले यो निर्देशिका बमोजिम कर अधिकृतको काम गर्ने प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको गाउँ कार्यपालिकामा कार्यरत अधिकृत स्तरको कर्मचारीलाई सम्झनु पर्छ ।

(ङ) “वडा” भन्नाले रुपा गाउँपालिका कास्की मातहतका वडा सम्झनुपर्दछ।

(च) “कार्यालय” भन्नाले रुपा गाउँ कार्यपालिकाको कार्यालय सम्झनुपर्छ।सो शब्दले वडा कार्यालय समेतलाई बुझाउछ ।

(छ) “शाखा” भन्नाले राजश्व सम्वन्धी शाखा तथा उपशाखालाई सम्झनुपर्छ।

(ज) “व्यवसायी” भन्नाले व्यापार तथा व्यवसाय सञ्चालन गर्ने गरी गाउँपालिकामा व्यवसाय दर्ता गर्ने व्यक्ति/फर्म/समूह/संघ/संस्थालाई सम्झनु पर्दछ ।

**३. व्यवसाय दर्ता गरी व्यवसाय सञ्चालन गर्नुपर्नेः** गाउँपालिका क्षेत्रभित्र कुनैपनि व्यवसाय सञ्चालन गर्नु अघि यस निर्देशिका बमोजिम व्यवसाय दर्ता गर्नु पर्नेछ । यस अघि स्थापना भै सञ्चालनमा रहेका व्यवसायहरु समेत यसै निर्देशिका बमोजिम दर्ता भएको मानिनेछ ।

**४. व्यवसाय दर्ताको लागि दरखास्त दिने र दर्ता गर्नेः** (१) गाउँपालिकाभित्र कुनै व्यवसाय दर्ता गर्न

चाहने व्यक्तिले अनुसुची-१ मा उल्लेखित ढाँचाको दरखास्त फाराम भरी कार्यालयमा पेश गर्नु पर्नेछ ।व्यवसाय दर्ताको लागी संलग्न हुनुपर्ने कागजातहरु अनुसूची १ मा उल्लेख भएबमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि कार्यालयले यसउपर आवश्यक जाँचबुझ समेत गरी निर्धारण भए बमोजिमको वार्षिक कर एवं अन्य दस्तुरहरू लिई व्यवसाय दर्ता गर्नेछ ।

(३) उपदफा (२) बमोजिम व्यवसाय दर्ता भएपछि कार्यालयले अनुसूची—३ बमोजिमको पेशा/व्यवसाय सञ्चालन इजाजतपत्र दिनुपर्नेछ ।

(४) दर्ता किताबमा उल्लेख गरी निवेदकलाई अनुसूची-३ को ढाँचामा किताबमा खडा गर्नुपर्नेछ।

(५) एकै व्यक्तिको नाममा एउटै उद्देश्य भएको एक भन्दा वढी स्थानमा व्यवसाय सञ्चालन गर्नु पर्ने भएमा निर्देशिकाले छुट्टै व्यवस्था गरेको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था गरेको अवस्थामा वाहेक छुट्टा छुट्टै व्यवसाय दर्ता गराउनु पर्नेछ ।

तर शाखा वा थप कारोबारस्थलको लागि लाग्ने कर एकमुष्ठ तिरी विभिन्न स्थानमा संचालित व्यवसाय वा शाखाहरू एउटै प्रमाणपत्रमा खुलाउने गरी व्यवसाय दर्ता गर्न यस उपदफाले वाधा पुर्याएको मानिने छैन ।

**(६). कर बुझाउने दायित्वः-** (१) गाउँसभाले पारित गरे अनुसार कर बुझाउने दायित्व व्यवसाय दर्ता भएको व्यक्ति फर्म वा निजको प्रतिनिधिको हुनेछ ।

(२) कुनै व्यवसाय एक भन्दा वढी व्यक्तिको नाममा संयुक्त दर्ता भएको रहेछ भने उक्त व्यवसायको तर्फबाट कर बुझाइसकेको अवस्थामा सो मध्ये प्रत्येक व्यक्तिलाई कर बुझाउन वाध्य पर्नेछैन ।

**(७)व्यवसायको नविकरण गर्नुपर्नेः-**

१) दफा ४ बमोजिम दर्ता भएको व्यवसाय आर्थिक वर्ष शुरु भएको ३ महिना भित्र वार्षिक कर अग्रिम रुपमा तिरी प्रत्येक आर्थिक वर्षको लागि व्यवसाय नवीकरण गर्नु पर्नेछ ।समूहमा सञ्चालित ब्यवसायको हकमा वडाको सिफारिस, समूहको निर्णय, निवेदन, करचुक्ता प्रमाणपत्रको प्रतिलिपिका

आधारमा नवीकरण गरिनेछ । कृषि र पशुसेवासँग सम्बन्धित ब्यवसायको हकमा यस दफामा उल्लिखित कागजात सहित कृषि तथा पशुसेवा शाखाको सिफारिस समेत पेस गर्नुपर्नेछ।

२) यस दफामा जुनसुकै कुरा लेखिएको भएतापनि निजी व्यवसाय/फर्मको नवीकरण गर्दा अनुसूचि २ को ढाँचामा निवेदन तथा सालवसाली आर्थिक ऐनमा उल्लेख भएको राजस्व लिई कर अधिकृतले नवीकरण गर्न सक्नेछ ।

**(८). विवरण हेरफेर गर्नुपर्ने भएमा अनुमति लिनुपर्नेः-**
(१) दफा ४ बमोजिम व्यवसाय दर्ताको लागि पेश गरिएको निवेदनमा उल्लेखित विवरणहरूमध्ये केही कुरा हेरफेर गर्नुपर्ने भएमा ३० दिनभित्र सोको जानकारी कार्यालयमा दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा कार्यालयले आवश्यक जाँचवुझ समेत गरी संसोधित प्रकृतिको व्यवसायको तोकिएको कर र विवरण हेरफेर बापत सालवसाली ऐनमा उल्लेख भएको थप दस्तुर लिई विवरण संसोधन गरीदिनु पर्नेछ र सो व्यहोरा दर्ता

किताव र इजाजत पत्रमा समेत उल्लेख गरिदिनु पर्नेछ ।

(३) व्यवसायको प्रकृति, कारोवार गर्ने वस्तु तथा सेवाको किसिम तथा व्यवसायको नाम आदि परिवर्तन गर्नुपरेमा नयाँ प्रकृतिको व्यवसायको कर साविकको करको दर भन्दा वढी लाग्ने भएमा सो फरक कर रकम समेत असूल गर्नु पर्नेछ ।

**(९). साझेदार थपघट र ठाउँसारी गर्नुपरेमा स्वीकृति लिनुपर्नेः**

(१) एक व्यक्ति वा एक भन्दा वढी व्यक्तिको नाममा दर्ता कायम भएको व्यवसायमा साझेदार थपघट गर्नु परेमा आवश्यक कागजात समेत संलग्न राखी गाउँपालिकामा निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवदेन परेमा सम्बन्धित कार्यालयले आवश्यक जाँचबुझ गरी चालु आर्थिक वर्ष सम्मको कर असुल गरी सालबसाली आर्थिक ऐनले निर्धारण गरेको दस्तुर समेत लिई साझेदार थप गरिदिनु पर्नेछ ।

(३) गाउँपालिका क्षेत्रभित्र एक स्थानमा सञ्चालनमा रहेको पेशा व्यवसाय अर्को स्थानमा ठाउँसारीको लागि निवेदन परेमा प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारीले आवश्यक जाँचबुझ गरी चालु आर्थिक वर्ष सम्मको कर असुल गरी कार्यालयमा भएको व्यवसायको लगत खारेजको सिफारिस जनाई सम्बन्धित वडा कार्यालयलाई पत्राचार गर्नु पर्नेछ । यसरी सिफारिस प्राप्त भएकोमा ठाउँ सारी हुने वडा कार्यालयले ब्यबसाय दर्ता विवरणमा ठाउँ सारी जनाई साबिकको वडा कार्यालयमा ठाउँ सारीको जानकारी दिनु पर्नेछ ।

(४) उपदफा ३ बमोजिम ठाँउसारी भएको जनाउ प्राप्त भएपछि सिफारिस गर्ने वडा कार्यालयले आफ्नो व्यवसायको लगत कितावमा ठाउँसारी जनाई लगत खारेज गुर्नपर्नेछ ।

(५) उपदफा (४) बमोजिम लगत खारेजको सिफारिश भएपछि तोकिएको समयभित्र सम्बन्धित कार्यालयमा गई व्यवसायको दर्ता लगत कायम गर्नु करदाताको कर्तव्य हुनेछ ।

(६) उपदफा (३) बमोजिम ठाउंसारी गर्न चाहने करदाताले ठाँउसारी भई जाने व्यवसाय रहने ठेगानाको कर बुझाउनु पर्ने कार्यालयमा ठाउँसारीको लागि निवेदन पेश गरेपछि कार्यालयले आवश्यक जाँचवुझ गरी सालबसाली ऐन अनुसार दस्तुर लिई सो व्यहोरा दर्ता/इजाजतपत्रमा समेत खुलाई व्यवसायको ठाउँसारी गरिदिनु पर्नेछ ।

(७) यस निर्देशिका बमोजिम ठाउँसारी भई आउने व्यवसायीको लगत खडा गर्ने कर्तव्य सम्बन्धित कार्यालयको हुनेछ ।

**(१०). कार्यालयले विवरण माग गर्न र निर्देशन दिन सक्नेः-** (१) कुनै खास पेशा, व्यवसाय वा व्यापारको सम्बन्धमा केही कुरा वुझ्न आवश्यक ठानेमा कार्यालयले थप विवरण माग गर्नसक्नेछ। यसरी माग गरिएको विवरण उपलब्ध गराउने कर्तव्य सम्बन्धित व्यवसायीको हुनेछ।

(२) उपदफा (१) बमोजिम विवरण उपलब्ध नगराएमा कार्यालयले सम्बन्धित पेशा तथा व्यवसाय स्थलमा गई आवश्यक जांचवुझ गर्न सक्नेछ ।

(३) यस निर्देशिका बमोजिम दर्ता भएका पेशा, व्यवसाय सञ्चालन गर्दा सामाजिक सदाचार कायम राख्नु पर्नेछ ।

(४) यस सम्बन्धमा कार्यालयले दिने निर्देशनको पालना गर्ने गराउने दायित्व सम्बन्धित व्यवसायीको हुनेछ ।

**(११). व्यवसाय सञ्चालनको अनुमति लिनु पर्नेः-** (१) गाउँपालिकामा ब्यवसाय दर्ता गरिसकेपछि अन्य सम्बन्धित निकायबाट प्रचलित नेपालकानून बमोजिम अनुमति लिनुपर्ने कानूनी प्रावधान भएका पेशा, व्यवसाय सञ्चालन गर्न पूर्व सम्वन्धित निकायबाट अनुमति लिनु पर्ने दायित्व व्यवसायीको हुनेछ ।

(२) यस निर्देशिका बमोजिम कर प्रयोजनका लागि व्यवसाय दर्ता भएको आधारमा मात्र कुनै पनि पेशा, व्यवसाय सञ्चालन गर्ने अनुमति पाएको मानिने छैन ।

**(१२)व्यवसाय दर्ता खारेज गर्न सकिनेः** (१) यस निर्देशिका बमोजिम कर लाग्ने व्यवसाय दर्ता भएपछि

दर्ता खारेजीको निवेदन नपरेसम्म सो व्यवसाय चालु रहेको मानिनेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन पर्नु भन्दा अघिसम्म व्यवसाय सञ्चालनमै रहेको मानी कर निर्धारण गरी कर असुल उपर गरिनेछ ।

(३) ऐन, नियमावली र यस निर्देशिकाबमोजिम दर्ता भएको व्यवसाय वन्द गर्न चाहेमा मनासिब कारण खोली व्यवसायीले सम्वन्धित वडा कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम निवेदन प्राप्त भएपछि वडा कार्यालयले आवश्यक जाँचबुझ गरीचालु आर्थिक वर्षसम्मको कर रकम र व्यवसाय खारेजीको लागि गाउँपालिकामा सिफारिस सहित पठाउनु पर्ने छ । गाउँपालिकाले कागजात अध्ययन गरी लगत कट्टा वापत सालबसाली ऐनमा उल्लेख भएको दस्तुर लिइ लगत कट्टा गरिदिनु पर्नेछ ।

(५) प्रचलित कानून विपरितको कारोबार गरेमा वा पेशा सञ्चालन गरेमा र व्यवसाय सञ्चालन सम्बन्धमा कार्यालयले दिएको निर्देशन बारम्बार उलंघन गरेमा,

कार्यालयले व्यवसायको दर्ता खारेजी गरी बाँकी बक्यौता कर तथा जरिवाना सरकारी बाँकी सरह व्यवसायीबाट असुल गर्नेछ।

(६) यस निर्दर्शिकामा जुनसुकै कुरा लेखिएको भएतापनि व्यवसाय खारेज वा लगत कट्टा गर्नु पूर्व व्यवसायीलाई सफाई पेश गर्ने पर्याप्त मौका दिनु पर्नेछ ।

(७) यस दफा अन्तर्गतको उपदफा (५) बमोजिम कार्यालयले व्यवसाय दर्ता खारेज गरेमा व्यवसाय सम्बद्ध व्यवसायीको नाममा गाउँपालिकामा ३ वर्षसम्म कुनैपनि व्यवसाय दर्ता गरी सञ्चालन गर्न नपाउने व्यवस्था गर्न सकिनेछ । साथै त्यस्ता व्यवसायीको विवरण सार्वजनिक गरिनेछ ।

**(१३)जरिवाना तथा थप दस्तुर लाग्नेः-** (१) निर्देशिकामा तोकिएको समयभित्र कर नबुझाएमा कर बुझाउने दायित्व भएमा सालबसाली ऐनमा उल्लेख भएको जरिवाना असुल उपर गरिनेछ ।

(२) एक आर्थिक वर्ष समाप्त भएपछि पनि कर नवुझाएमा कार्यालयले प्रत्येक आर्थिक वर्षको लागि

लाग्ने कर रकमको सालबसाली ऐनमा उल्लेख भएको जरिवाना तिर्न लगाई कर तथा जरिवाना रकम असुल उपर गरिनेछ ।

(१४) **प्रतिलिपि दिने सक्नेः-** व्यवसायको सञ्चालन इजाजत पत्र हराएमा, च्यातिएमा, नविकरण गर्ने महल खाली नभएमा वा यस्तै अन्य कारणले इजाजतपत्र उपलब्ध गराउनु पर्ने भएमा यस सम्बन्धमा कार्यालयले आवश्यक जांचवुझ गरी सालबसाली ऐनमा उल्लेख भएको रकम लिई नयां प्रतिलिपि इजाजतपत्र जारी गर्न सक्नेछ ।

(१५) **व्यवसाय सञ्चालन नभएको सिफारिस दिन सक्नेः-** प्रचालित कानून बमोजिम दर्ता भएका व्यवसाय सञ्चालननै नभएकोले सोको व्यहोरा सम्बन्धित निकायमा सिफारिसको लागि कार्यालयमा निवेदन पर्न आएमा सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी सो व्यहोरा प्रमाणित भएमा सो प्रकृतिको व्यवसायमा लाग्ने सालबसाली ऐनमा उल्लिखित दस्तुर लिई माग बमोजिमको व्यहोराको सिफारिस उपलब्ध गराउन सकिनेछ ।

**(१६) व्यवसाय दर्ता/नविकरण नगरी सञ्चालन गरेमा कारवाही हुनेः-** (१) प्रचलित कानून र यस निर्देशिका बमोजिम दर्ता नगरी कुनै पनि व्यवसाय गाउँपालिका क्षेत्रभित्र सञ्चालन गरेको पाईएमा वडा कार्यालय वा कार्यालयले सम्बन्धित व्यवसायीलाई ३५ दिनको म्याद दिई व्यवसाय दर्ता गर्नको लागि पत्राचार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम व्यवसाय दर्ताका लागि जनाउ दिएको मितिले ३५ दिनभित्र कार्यालयमा गई व्यवसाय दर्ता नगरेमा सम्बन्धित व्यक्तिको हकमा गाउँपालिकाबाट प्रवाह हुने सबै किसिमका सेवा सुविधाहरू वन्द गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम सेवा सुविधा रोक्का राखेपछि पनि ३ महिनाभित्र पनि व्यवसाय दर्ता नविकरण नगरी व्यवसाय सञ्चालन गरेमा सम्बन्धित कार्यालयले कर तिर्न अटेर गर्ने व्यवसायीको व्यवसाय वन्द गरी लाग्ने कर, जरिवाना र अन्य दस्तुर प्रचलित कानून बमोजिम असुल उपर गर्नेछ ।

**(१७) वाधा अडकाउ फुकाउने अधिकारः-** (१) यस निर्देशिका कार्यान्वयनको सिलसिलामा कुनै वाधा अडकाउ परेमा सो फुकाउने अधिकार गाउँ कार्यपालिकाकालाई हुनेछ ।

(२) प्रचलित ऐन, नियम र यस निर्देशिकाको मूलभूत कुरालाई असर पर्ने गरी माथि उपदफा (१) बमोजिमको वाधा फुकाउने अधिकारको प्रयोग गर्न सकिने छैन ।

**(१८) खारेजी र बचाउः १)** रुपा गाउँपालिका कास्कीको व्यवसाय दर्ता तथा नवीकरण कार्यविधि, २०७५ खारेज गरिएको छ।

२) उपदफा (१) बमोजिमको कार्यविधि अन्तर्गत भए, गरेका काम कारबाहीहरु यसै निर्देशिका बमोजिम भए, गरेका मानिनेछ ।

अनुसूची—१
निर्देशिकाको दफा ४ को उपदफा (१) सँग सम्बन्धित

विषयः पेशा/व्यवसाय दर्ता निवेदन फारम

निवेदन मितिः- २०...../...../.....

मालिकहरुको नाम थरः-

ठेगानाः-

पेशा/व्यवसाय/उद्योगको नाम/ठेगानाः-

किसिम/स्तरः-

फोन नं.-

पुँजीः-

सञ्चालन मितिः-

सञ्चालन स्थानः-

सञ्चालन स्थान भाडामा भए घर/जग्गा मालिकको नाम थरः-

ठेगानाः-

लिनुपर्ने भाडा रकम रु.

मासिक ( )

अर्धवार्षिक ( )

वार्षिक ( )

उक्त विवरण अनुसार दर्ता गरी इजाजत पत्र पाउन निवेदन गरेको छु । व्यहोरा झुठ्ठा ठहरेमा ऐन नियम बमोजिम सहुँला बुझाउँला ।

| | | |
|---|---|---|
| सहिछापः | सहिछापः | सहिछापः |
| नाम/थरः | नाम/थरः | नाम/थरः |
| ठेगानाः | ठेगानाः | ठेगानाः |

संलग्न गर्नूपर्ने कागजातहरू:-

- निवेदन
- वडा कार्यालयको सिफारिस पत्र
- कृषि तथा पशु फर्मको हकमा शाखाको सिफारिस
- जग्गाको लालपुर्जाको प्रतिलिपि (जग्गा भाडामा भए सो को सम्झौता एकाघरको भए मञ्जुरीनामा)
- व्यवसायीको नागरीकताको प्रतिलिपी
- २ प्रति पासपोर्ट साईजको फोटो
- चालु आ.ब.मा जग्गाको तिरो तिरेको रसिद
- कृषि, पशु फर्म, होटल, रेष्टुरेण्टको हकमा सँधियाराहरु सँगको मुचुल्का

अनुसूची-२

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
रुपा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
रुपाकोट, कास्की ।

विषयः- पेशा व्यवसाय सञ्चालन इजाजत पत्र
नवीकरण गरिपाउँ ।

प्रस्तुत विषयमा २०......./......../..... गते रुपा गाउँपालिकाको कार्यालयमा दर्ता गरिएको दर्ता नं........................ को म ........................... को नाउँमा रहेको.................................. नियमित रुपमा सञ्चालनमा आइरहेको हुनाले इजाजत पत्र नविकरण गरिदिनुहुन तपाई समक्ष निवेदन गर्दछु ।

निवेदक

| **कार्यालय प्रयोजनका लागि मात्रः** |
| --- |
| नवीकरण दस्तुरः रु. .................. |
| मितिः ....................................... |
| पेश गर्ने |
| स्वीकृत गर्ने |

अनुसूची—३

**रुपा गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**रुपाकोट, कास्की**

**गण्डकी प्रदेश नेपाल ।**

**रुपा गाउँपालिका कास्कीको व्यवसाय दर्ता तथा नविकरण निर्देशिका,२०७८ दफा ४ (३) बमोजिम जारी भएको पेशा/व्यवसाय सञ्चालन ईजाजत-पत्र**

ईजाजत नं.

१) व्यवसायी/पेशावालाको विवरणः

फोटो

क) नाम,

थरः.......................................

ख) ठेगानाः.....................................

ग) नागरिकता नं.

जारी मितिः

जारी जिल्लाः

२) व्यवसायी/पेशा/उद्योग

क) किसिमः..................................................

ख) फर्मको नामः.................................

ग) सञ्चालन स्थानः

घ) सञ्चालन मितिः

ङ) पूँजीः (............................)

च) आन्तरीक संकेत

प्रमाणित गर्नेको दस्तखत

**<u>ईजाजतवालाले पालना गर्नुपर्ने नियम</u>**

**१) विक्री गरिने चिजहरु भए सो को मूल्य सहितको लिष्ट तयार गरी ग्राहकले देख्ने गरी राख्नुपर्छ**

**२) प्रचलित ऐन कानूनको परिधिभित्र रही व्यवसाय सञ्चालन गर्नुपर्नेछ ।**

**३) लगत राख्नुपर्ने व्यवसायीले आवश्यकता अनुसारको विवरण खुल्ने गरी लगत राख्नुपर्नेछ ।**

**४) हरेक सालको श्रावण महिनाभित्र ईजाजत नविकरण गर्नुपर्नेछ । अन्यथा नियमानुसार थप जरिवाना लाग्नेछ।**

**५) व्यवसाय छोड्नुपर्दा वडाको सिफारिस लिई आउनु पर्नेछ ।**

"कर तिरौं गाउँ विकासमा सहभागी बनौं"

अनुसूची—४

दफा ४ को उपदफा (४) सँग सम्बन्धित

रुपा गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

व्यवसाय कर दर्ता किताव

| क्र स | व्यवसायीको नाम | ठेगाना | व्यवसायको किसिम | सञ्चालन मिति | सम्पर्क नं | इजाजतपत्र पात्र मिति | व्यवसायीको फोटो | कै. |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

आज्ञाले
प्रमुख प्रशासकीय अधिकृत